"MAKING CITIES AUTONOMOUS, PROSPEROUS AND SELF-RELIANT" DAO Regd. No. 2/054/55 NDA-2018

२५औं रजत महोत्सव

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box: 14286, Kathmandu, Nepal
Tel (977-1) 4425692, 4420559
Fax (977-1) 4418671
Email muan@ntc.net.np, info@muannepal.org.np

Ref. १०३ - ०७५/०७६

मिति : २०७५/०९/११

## कर्मचारी समायोजन अध्यादेश २०७५ सम्वन्धमा जारी

### प्रेस विज्ञप्ति

प्रस्तुत विषयमा नेपाल सरकारवाट भर्खरै जारी गरिएको कर्मचारी समायोजन अध्यादेश २०७५ को प्रतिक्रिया स्वरुप विभिन्न निजामती एवं स्थानीय कर्मचारी संघ तथा संगठनहरुबाट अध्यादेशमा रहेका विभिन्न विषयहरुमाथि रहेर विरोध एवं स्थानीय सरकारका कार्यालयहरुमा समेत वन्द हड्तालको आन्दोलन गरिएको कार्य प्रति नेपाल नगरपालिका संघको गम्भिर ध्यानाकर्षण भएको छ ।

संघीयताको कार्यान्वयनको लागि अत्यन्तै महत्वपूर्ण र संविधानले निर्देश गरेको कर्मचारी समायोजन प्रकृया चांडो भन्दा चांडो कार्यान्वयन हुनु पर्दछ भन्ने कुरा नेपाल नगरपलिका संघले पहिलै देखि उठाउदै आएको विषय हो । ढिलै भए पनि आएको यो अध्यादेशले कर्मचारीहरुको मनोभावनाहरु समेट्न सक्नु पर्नेमा यसो हुन नसक्नु दुखको कुरा हो । भर्खरै यो अध्यादेश संसद सचिवालयमा दर्ता भएको छ । यसै सन्दर्भमा कर्मचारीहरुका विभिन्न मागहरु र खासगरी उनीहरुको वृत्ति विकास सम्वन्धमा अध्यादेश माथि संसदमा छलफल गरी संसोधन सहित पारित गरियोस भनी सार्वभौम संसद एवं नेपाल सरकार समक्ष यस संघको तर्फवाट गम्भिर ध्यानाकर्षण गर्न चाहन्छौं ।

यसैगरी विगत लामो समयदेखि स्थानीय सरकारहरुमा काम गर्दै गरेका करार एवं अस्थाई कर्मचारी र सामाजिक परिचालकहरुको मागलाई समेत आवश्यक संबोधन गर्नको लागि नेपाल सरकार समक्ष हार्दिक अनुरोध गर्दछौं ।

समायोजन अध्यादेशको विषयलाई लिएर विभिन्न कर्मचारी संघ संगठनहरुको आन्दोलनवाट स्थानीय तहको सेवा प्रवाह अवरुद्ध भएको र यसको प्रत्यक्ष असर सर्वसाधारण जनतामा पर्न गएको हुनाले आन्दोलनरत पक्षहरुलाई वन्द हड्तालका कार्यक्रमहरु स्थगित गरी आ-आफ्नो कार्य जिम्मेवारी र जनताको सेवामा फर्किनु हुन अनुरोध गर्दछौं । यसैगरी सरकार र आन्दोलनरत दुवै पक्षहरुलाई वार्ताको वातावरण वनाई वार्ता र सहमतिवाट यथाशिघ्र समस्या समाधान गर्न र कर्मचारी समायोजन प्रकृयाको कार्यान्वयनमा अग्रसर हुन समेत हार्दिक अपिल गर्दछौं ।

MUNICIPAL ASSOCIATION OF NEPAL 2050

.........................
अशोक व्याञ्जु श्रेष्ठ
अध्यक्ष